# मिति २०७५।४।२ मा बसेको प्रदेश मन्त्रिपरिषदको बठकको निर्णय

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/१५/२०७५-०४-०१ को मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी विधेयक प्रदेश सभामा पठाउन स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तुत विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पठाउन स्वीकृति दिने"।-

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/१६/२०७५-०४-०१ को यस प्रदेश अन्तर्गत पर्ने अन्तर्राष्ट्रिय सीमा सँग जोडिएको कोरला नाका र त्रिवेणी नाकामा आवश्यक भौतिक पूर्वाधारको विकास गर्न र व्यापारिक नाकाको रुपमा संचालन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने सम्बन्धी प्रस्ताव सम्बन्धमा - "प्रस्तावमा लेखिए बमोजिम गर्ने"।-

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/१७/२०७५-०४-०१ को यस प्रदेश अन्तर्गतको नवलपुर(सुस्तापूर्व) जिल्लाको नामाकरण गर्ने जिल्ला सदरमुकाम तोक्ने र जिल्लामा रहने संघ तथा प्रदेश अन्तर्गतका कार्यालयहरुको स्तरीय भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकारलाई अनुरोध गर्ने सम्बन्धी विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने "।-

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/१८/२०७५-०४-०१ को पोखरा -त्रिवेणी सडकको दुम्कीबास-त्रिवेणीमा यस प्रदेश भित्र पर्ने चितवन राष्ट्रिय निकुञ्ज र सोको मध्यवर्ती क्षेत्र (Buffer Zone) मा सडक निर्माणको स्वीकृति प्राप्त गरी अविलम्ब निर्माण कार्य गर्ने व्यवस्थाका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने "।–

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं ०२/०६/२०७५-०४-०१ को केही प्रदेश कानून संशोधन गर्ने विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने "।–

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट छलफलमा विषय प्रवेश भएको "कोरला-जोमसोम-बेनी सडक" निर्माणको हालको प्रकृया ढिलो र खर्चिलो देखिएकोले "कोरला-जोमसोम-बेनी-मालढुङ्गा-पोखरा-दुम्किवास सडक" राष्ट्रिय एवं प्रदेशको गौरवको आयोजनाको रुपमा प्रदेश सरकारलाई स्वीकृति दिई डिजाइन तथा लागत अनुमान गरी कार्य संचालन गर्ने जिम्मा प्रदेश सरकारलाई दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।-

७. हाल गण्डकी प्रदेश अन्तर्गत परेको विनयी त्रिवेणी गाउँपालिका वडा नं ६ र ७ को स्रेस्ता र नक्सा प्रदेश नं ५ मा परेका मालपोत तथा नापी कार्यालयमा रहेकाले यस प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापूर्व) स्थित मालपोत तथा नापी कार्यालयमा उपलव्ध गराइदिने व्यवस्थाका लागि प्रदेश सरकार प्रदेश नं ५ लाई अनुरोध गरी पठाउने ।

८. मिति २०७५ साल साउन १ गते रातीको अविरल वर्षाका कारण पर्वत जिल्लाको जलजला गाउँपालिका वडा नं ८ को लस्तिवेनेटा बस्ने बम बहादुर परियारको घर पैह्रोले पुरिदा निजको छोरा वर्ष १७ को विकास परियारको मृत्यु भएको, त्यसैगरी गोरखा जिल्लाको सहिद लखनथापा गाउँपालिका वडा नं ६ अधेरीमा पैह्रोले वल बहादुर कुवरको घर पुरिदा २० वर्षिय सरु कुवर, ११ वर्षिय प्रविणा कुवर र ८ महिनाको युनिक कुवरको मृत्यु भएको हुँदा मृतात्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने र उक्त प्रकोपमा परी घाइते भएकाहरु बागलुङका नारायणी आचार्य समेत ३ जना र गोरखाका दिल कुमारी राना समेतको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।